**प्रस्तावहरु :**

१. चालु आ.व. २०७४।७५ को कर दस्तुर सम्बन्धमा ।

२. वडा कार्यालय संचालन गर्ने सम्बन्धमा ।

३. बजार ठेक्का नलागेको सम्बन्धमा ।

४.बाटो मर्मत सम्भार सम्बन्धमा ।

५. वडामा कर्मचारी खटाउने सम्बन्धमा ।

६.सेवा करारमा रहेका कर्मचारीहरुको सम्बन्धमा ।

७. विविध ।

**निर्णय न. १.**

प्रस्ताव नं. १ मा छलफल गर्दा आ.व. २०७४।७५ को लागि चौथो नगर परिषदबाट पारित कर दस्तुरका दरहरु जननिर्वाचित नगर अधिवेशनबाट पुनः संसोधन तथा पारित गरी कार्यन्वयन गर्नु पर्ने भएकोमा कर दस्तुर श्रावण १ गते देखी असुल गर्नु पर्ने तर नगर अधिवेशन सम्पन्न नभई सकेको स्थितिमा २०७४ श्रावण १ गतेबाट आ.व. २०७३।७४ कै दरमा कर दस्तुर उठाउने र प्रस्तुत निर्णय अगामी नगर अधिवेशनबाट समर्थनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.**

प्रस्ताव नं. २. मा छलफल गर्दा नगरपालिकाको सेवा प्रवाहलाई जनताको नजिक पुर्‍याउन तत्काल ९ नं. वडा घैलाडुब्बामा ,वडा नं. ५ को तुलसीबारीमा र बाँकी वडाको संयुक्त वडा कार्यालय अर्को व्यवस्था नभईन्जेल सम्मका लागि न. पा. भवनमा संचालन गर्ने निर्णय गरियो । वडा नं. ५ को कार्यालय संचालन गर्न आफ्नो भवन नभएको हुँदा सबै दृष्टिकोणबाट जनतालाई पाएक पर्ने स्थानमा घर भाडामा लिई कार्यालय स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा घैलाडुब्बा बजारको हाटकर ठेक्का लगाउन पहिलो पटक वोलपत्र टेण्डर आव्हान गर्दा ठेक्का नपरी, पुन दोश्रो पटक टेन्डरको सूचना प्रकाशित गर्दा पनि कुनै टेन्डर पर्न नआएको हुँदा अब सार्वजनिक वदावडको प्रकृयाबाट ठेक्का लगाउने प्रकृया पुरा नभईन्जेल सम्मका लागि वडा न. ९ का वडा समितिलाई बजार कर असुल गर्न अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. ४.**

प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा यस नगर क्षेत्रका अधिकांश बाटाहरु वर्षातका कारण पानी जमी खाल्टा खुल्टी परी यातायात संचालन गर्न अफठ्यारो अवस्था भएकोले संघीय संरचना कार्यान्वयन अर्न्तगत स्वीकृत वजेटबाट देहाय बमोजिमका वडामा देहाय बमोजिम सामान लगाई बाटो मर्मत गर्न जम्मा रु.१८,००,०००।-(अठार लाख) वजेट आगामी नगर परिषदबाट समर्थन हुने गरी खर्च गर्ने निर्णय गरियो ।

| वडा नं. | टिपर संख्या |
|---|---|
| १. | १५ |
| २. | १५ |
| ३. | १५ |
| ४. | १८ |
| ५. | १८ |
| ६. | २० |
| ७. | १८ |
| ८. | १५ |
| ९. | २० |

**निर्णय नं. ५.**

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिकाका ९ वटै वडामा वडा कार्यालयबाट सम्पादन हुने काम सम्बन्धित वडाका अध्यक्षहरुको हस्ताक्षरबाट संचालन गर्न छुट्टा छुट्टै छाप प्याड अभिलेख तुरुन्त व्यवस्था गर्नु पर्ने हुँदा तत्काल कार्य सुचारु गर्न सम्बन्धित क्षेत्रका कर्मचारीहरुलाई वडा सचिवको काम गर्न खटाई जिम्मेवारी प्रदान गर्न कार्यकारी अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस कार्यालयमा प्राविधिक तथा श्रेणी विहिन पदमा सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा अवधि झै आवश्यकता भएको र यहि २०७४ असार मसान्तमा समाप्त भएको कार्यालय संचालन गर्न निजहरुको सेवालाई निरन्तर राख्न र निजहरुको विगतको कार्य सम्पादन सन्तोषजनक देखिएकोले स्थायी पदपुर्ति वा अन्यथा व्यवस्था भए निजहरुसंग भएको करार स्वत भङ्ग हुने गरी सबै कर्मचारीहरुको २०७४ श्रावण १ गते देखी ६ महिनाको लागि साबिक बमोजिमकै सेवा, सुविधा पाउने गरी म्याद थप गर्न निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं.७ उपरका बिषहरुमा छलफल गर्दा आ. ब. २०७३।७४ मा संचालित योजनाहरु मध्ये कनकाई मा. बि. पश्चिम अमरपथ जोड्ने सडक कालो पत्र गर्ने कामको सम्झौता बमोजिमको दोश्रा तथा अन्तिम किस्ताको भुक्तानी गर्न तोकिएको शिर्षकमा रकम नपुग भएकोले संघिय संरचना कार्यान्वयन कार्यक्रमबाट रु.१७,५०,०००।-(सत्र लाख पचास हजार) सम्बन्धित उपभोक्तालाई भुक्तानी गर्ने निर्णय गरियो ।